नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०१२५
५२०५५५

१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- 0६५।७८
चलानी नम्बर :-३६३८

मिति :- ........२०७८।३।१४.

## विषय :- इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

यस जिल्लामा कोभिड-१९ को महामारी रोक्न मिति २०७८।१।२८ देखि जारी निशेधाज्ञा कार्यान्वयनमा समन्वयात्मक प्रयासका कारण हाल सक्रिय संक्रमितहरुको संख्या २८० को हाराहारीमा रहेको अवस्था छ । यि सक्रिय संक्रमितहरुबाट कोभिड-१९ बिस्तार भई जनस्वास्थ्यमा पर्ने सक्ने गम्भिर असरलाई नियन्त्रण गर्न अझै केहि समयसम्म केहि सेवा तथा कार्यहरु निषेध गरि नागरिकको जीवन रक्षा गर्न जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।३।१४ गतेको सिफारिस समेतलाई मध्यनजर गरि मिति २०७८।१।२८ मा जारी भई पटक पटक थप हुदै मिति २०७८।३।१४ सम्म कायम निषेधाज्ञा आदेशलाई केहि संशोधन सहित निरन्तरता दिदै कोभिड-१९ संकट ब्यबस्थापन अध्यादेश २०७८ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरि मिति २०७८।०३।१४ गते मध्यराति १२.०० वजेदेखि मिति २०७८।३।२२ गते मध्यराती १२.०० बजेसम्म इलाम जिल्लाभरि लागू हुने गरि देहाय बमोजिमको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै ब्याक्ति, संघ, सस्था, पेशाकर्मी, ब्यबसायी तथा आम नागरिकहरुको कर्तब्य हुनेछ । यो आदेशको उलघंन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने ब्यहोरा सबैमा जानकारी गराइन्छ ।

देहाय

**क. निषेध गरिएका सेवा तथा कार्यहरु**

१. अन्य जिल्लाबाट इलाम जिल्लामा भित्रिने र बाहिरिने सबै यात्रुबाहक सार्वजनिक र निजी एवं जिल्लाभित्र चल्ने सबै किसिमका यात्रुबाहक सार्वजनिक र निजी सवारी साधनहरु ।
२. अनुमति लिई जिल्लाको राजमार्ग हुदै चल्ने कूनैपनि सवारी साधनहरुले जिल्ला भित्रका बजार केन्द्रहरुमा रोक्न तथा मानिस चढाउने वा ओराल्ने गर्न तर सेबाको पालो परेका स्थानीय तहबाट सेवा सम्वन्धी सिफारिशपत्र वा वडाबाट सिफारिश प्राप्त सेवाग्राहीहरुले सेवा केन्द्रसम्म जान र फर्कन पाईनेछ ।
३. सबै प्रकारका सभा, जुलुश, सम्मेलन, सेमिनार, गोष्ठी, भेला, छलफल, मेला, महोत्सब, साँस्कृतिक, मनोरन्जनात्मक, प्रतियोगितात्मक किसिमका कार्यक्रमहरु ।
४. भिडभाड हुने वा कोभिड १९ संक्रमण हुन सक्ने सम्भावित कुनै पनि जमघटहरु ।
५. सबै सिनेमा हल, पार्टी प्यालेश, स्वीमिङ्गपुल, मनोरन्जनस्थल, शैलुन, ब्युटिपार्लर, होटेल, बार, रेष्टुरेन्ट, जिमखाना, समूहमा खेल्ने खेलकुद, पुस्तकालय, संग्रहालय आदि।
६. जिल्लाको कुनै स्थानमा संक्रमणको दर बढी भई तुरुन्तै नियन्त्रण गर्नु पर्ने अबस्था भएमा सम्वन्धित स्थानीय तहको निर्णय अनुसार सिल गरिएको सेवाहरु सो अवधि र क्षेत्रमा स्वत स्थगित हुनेछन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०१२५
५२०५५५

पत्र संख्या :- ०७७/७८
चलानी नम्बर :- ३६३८

१ नं. प्रदेश, नेपाल
मिति :- ........२०७८।३।१४

७. नित्य पुजा बाहेक धार्मिक स्थलहरुमा गरिने सबै प्रकारका कार्यक्रमहरु ।
८. साप्ताहिक रुपमा लाग्ने हाट बजारहरु ।
९. घरघरमा गई बचत संकलन गर्ने जस्ता कार्यहरु ।

**ख. खुला रहेका सवारी साधन, सेवा तथा कार्यहरु**

१०. जिल्लामा धैरै जनसम्पर्क हुने नागरिकता, मालपोत र नापी कार्यालयको सेवा प्रबाह आलोपालो प्रणालीबाट स्वास्थ्य सुरक्षाका मापदण्डहरु अवलम्वन गरि शुरु गर्ने सम्वन्धि छुट्टै सार्वजनिक सूचना प्रकाशित गर्ने ।

११. सरकारी, सार्वजनिक संस्थान, स्थानीय तहहरु, बैक तथा बितीय संस्था एबम बिमा कम्पनीहरु लगायतका कार्यालय र कर्मचारीहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सेवाहरु सञ्चालन गर्ने ।

१२. एम्बुलेन्स, दमकल, शवबाहन, ग्यास, पेट्रोलियम पदार्थ बोकेका सवारी साधनहरु, सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधनहरु, स्वास्थ्यकर्मी चढेका सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सामाग्री बोकेका सवारी साधनहरु, झण्डा बाहक सवारी साधनहरु, कार्यालयको काममा प्रयोग हुने सरकारी सवारी साधनहरु, आधिकारिक प्रेस पास प्राप्त सञ्चारकर्मीहरु, निर्माण सामाग्री बोकेका सवारी साधनहरु र फोहोरमैला ब्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सञ्चालन गर्ने ।

१३. खाद्यान्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ, पशुपंक्षीको दाना वा अण्डा वा चल्ला बोकेका र कृषिजन्य उपज बोकेका सवारी साधनहरुले गन्तब्यस्थान बाहेक अन्यत्र रोक्न र अन्य मानिसहरु राख्न नपाउने गरि सञ्चालन गर्न अनुमति लिन नपर्ने ।

१४. खाध्यान्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ, पुस्तक तथा स्टेशनरी, लताकपडा, घरायसी प्रयोगका सामानहरु बिक्रि बितरण गर्ने पसलहरु, निर्माणका सामाग्री, बिधुतीय घरायसी सामाग्री, मर्मत/सम्भार केन्द्रहरु नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि दिउसो ५.०० बजेसम्म मात्र खोल्न दिने ।

१५. औषधी तथा स्वास्थ्य सामाग्रीहरु बिक्रि बितरण गर्ने पसलहरु, ग्यास तथा पेट्रोलियम पदार्थका पसलहरु र अत्याबश्यक सेवाका ब्यबसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गर्ने ।

१६. अत्याबश्यक सेवाहरु जस्तै बैक, बितिय संस्था, दुरसन्चार, इन्टरनेट, सुचना प्रबिधि सम्वन्धि, रेडक्रश, क्वारेन्टाइन, आइसोलेशन, फोहोरमैला ब्यबस्थापन, कुरियर तथा डाँक सेवा लगायतका

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

☎ ०२७-५२०१२५
५२०५५५

पत्र संख्या :- ०७७/७८
चलानी नम्बर :- ३६३८

१ नं. प्रदेश, नेपाल

मिति :- ........२०७८।३।१४

विषय :

१७. ढुवानी, राहत उद्दारमा सम्लग्न हुने तथा अत्याबश्यक सामान ढुवानीका साधनहरु बिषय उल्लेख भएको ब्यानर राखि संचालन गर्न दिने ।

१८. कुनै पनि ब्यबसाय संचालन गर्दा भीडभाड गरिएको, मास्कको प्रयोग नगरि/नगराई सेवा दिएको, दुरी कायम नगरिएको लगायत तोकिएका अन्य स्वास्थ्य मापदण्ड पालना नगरेको अनुगमन गर्दा भेटिएमा ब्यवसाय बन्द गरि प्रचलित कानुन बमोजिम कारवाही गरिने ।

**ग. सर्वसाधारणले पालना गर्नुपर्ने बिषयहरु**

१९. अत्याबश्यक काममा घरबाट बाहिर निस्कदा दुई ब्याक्ति बीच कम्तिमा दुई मिटरको भौतिक दुरी कायम राख्ने, नियमित रुपमा साबुन, पानीले हात धुने, मास्क र स्यानिटाईजरको प्रयोंग गर्ने ।

२०. पेशा, ब्यबसाय वा आयोजनाहरु सन्चालन गर्दा नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन, पानीले हात धुने, मास्क र स्यानिटाईजरको प्रयोग गर्ने ।

२१. बिरामी वा असहज अवस्थामा बाहेक १० बर्ष भन्दा मुनिका बालबच्चा, ६० बर्ष भन्दा माथिको उमेर समूहका ब्याक्तिहरु, गर्भवती र दिर्घरोग भएका मानिसहरुले घरबाहिर ननिस्कने तथा आवतजावत नगर्ने ।

२२. COVID-19 को लक्ष्यण वा सो संग मिल्दो जुल्दो प्रकारका समस्या देखिएको अबस्थामा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तह वा प्रहरी चौकीमा सम्पर्क राख्ने ।

२३. COVID-19 को परिक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म कसैसंग सम्पर्क नगरी होम आइसोलेशन वा तोकिएको स्थानमा बस्ने ।

**घ. अन्य**

२४. स्थानीय तहहरुले संकास्पद क्षेत्रहरुमा परीक्षणको दायरा वढाउने तथा संक्रमणको बिस्तार रोक्न हरसम्भव प्रयास गर्ने ।

२५. यस जिल्लाबाट अन्यत्र जिल्लामा जानको लागि जानुपर्ने जिल्लाको सम्वन्धित स्थानीय तहको अति जरुरी कामको ब्यहोरा तथा सवारी साधनको विवरण सहितको सिफारिश जिल्ला प्रशासन कार्यालय इलामको आधिकारिक इमेलमा प्राप्त भएपछि अति आबश्यक कामको औचित्य र महत्व हेरि आवतजावत अनुमति प्रदान गर्न सकिनेछ ।

२६. यस आदेशमा नपरेका कुनै बिषय वा अन्य आपतकालिन अबस्थामा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरि निकास भए बमोजिम गर्ने ।

..............................

(ध्रुव बहादुर खड्का)
प्रमुख जिल्ला अधिकारी